## ❖ हाल सञ्चालित मुख्य कार्यक्रमहरू :

कैलारी गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । विद्यालयको भौतिक संरचना निर्माण गरि आन्तरिक तथा बाह्य वातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाइ बृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि देहायका कार्यक्रमका माध्यमबाट गाउँपालिका प्रयासरत छ।

१. **स्वयंसेबक शिक्षक नियुक्तिद्वारा अपुग शिक्षकको व्यवस्थापन**: गाउँपालिकामा विद्यालय संख्याका आधारमा शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण शिक्षक पदपूर्ति गर्नका लागि कार्यविधि तयार गरी स्थानीय तहस्तरमा स्वयंसेबक शिक्षक दरबन्दी कायम गरी आवश्यक पर्ने शिक्षकको पदपूर्ति गरेको छ। यस अन्तरगत बाल कक्षा तहमा ० जना, प्रा. वि. तहमा २९ जना, नि. मा. वि. तहमा ० जना, मा. वि. तहमा ३ जना, विद्यालय सहायक ८ जना र विद्यालय सहयोगी ४८ जना गरि जम्मा ५८ जना मानव संशाधन/जनशक्तिको उचित व्यवस्थापन गरिएको छ।

२. शिक्षकको क्षमता अभिबृद्धिका लागि गाउँपालिका स्तरमा शिक्षक कार्यशाला सञ्चालन

३. विद्यालयको गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक तथा विद्यार्थीबीच अन्तरक्रिया कार्यक्रमको सञ्चालन गरिएको छ।

४. **सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन**: सबै सामुदायिक विद्यालयहरुमा WIFI जडान तथा सञ्चालन, माद्यमिक तह तथा निम्न माद्यमिक तहका विद्यालयहरुमा ICT Lab सहितको सूचना प्रविधि कक्षाको व्यवस्था गर्न शुरूवात गरिएको छ।

५. **उत्कृष्ट बालविकास केन्द्र र शिक्षकलाई पुरस्कार**: बालविकास शिक्षकलाई थप हौसला तथा अझै राम्रो काम गर्नका लागि उत्प्रेरणा मिलोस भनी यस गाउँपालिकाले उत्कृष्ट बालविकास केन्द्र र शिक्षकलाई प्रोत्साहन/पुरुस्कारको कार्यक्रम सञ्चालन गरेको छ।

६. **परीक्षामा नयाँ व्यवस्थापन**: शैक्षिक सुधार तथा विद्यार्थी मूल्याङ्कनलाई वास्तविकतामा लैजान गाउँपालिकाले कैलारी गाउँपालिका अन्तरगतका विद्यालयहरुमा सञ्चालित आधारभूत तह (कक्षा ८) को अन्तमा आधारभूत शिक्षा परीक्षालाई माध्यमिक शिक्षा परीक्षाको मोडेलमा व्यवस्थापन गर्ने गरिएको छ।

७. विद्यालय व्यवस्थापन पदाधिकारीहरुका लागि विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन

८. विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित तथा चुस्त र दुरुस्त पार्न विद्यालयमा लेखाको काम गर्ने शिक्षक तथा कर्मचारीलाई लेखा सम्बन्धी तालिम प्रदान

९. सबै विद्यालयमा कार्यरत IT शिक्षकहरूलाई सूचना र प्रविधि सम्बन्धी तालिम प्रदान

१०. विपन्न, गरिव तथा आमावुवा विहिन बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्थापन

**११.** विज्ञ समूह तथा रोष्टर प्रशिक्षक तयारी कार्यक्रमहरूका अतिरिक्त हाल तीनै तहका सरकारहरूद्वारा कार्यान्वयनमा रहेका केही कार्यक्रमहरू :-

क) मासिक रुपमा प्र.अ. बैठक सञ्चालन

ख) बालविकास केन्द्रका सहजकर्ताका लागि क्षमता विकास तालिम

ग) विद्यालयमा भौतिक विकास निर्माण (भवन ,पुस्तकालय ,फर्निचरसहित कक्षा कोठा ,विज्ञान प्रयोगशाला,ICT प्रयोगशाला, WASH सहितको शौचालय मर्मत तथा सम्भार )

घ) शैक्षिक सामग्रीका लागि अनुदान वा खरिद

ङ) राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

च) कक्षाकोठा व्यवस्थापन अनुदान

छ) छात्रवृत्ति र प्रोहत्सान अनुदान

ज) प्रति विद्यार्थी लागत अनुदान

झ) शिक्षण सिकाइ सुधार अनुदान

ञ) विद्यालय तथा कक्षा अनुगमन निरीक्षण/सुपरिवेक्षण

ट) लेखा तथा जिन्सी व्यवस्थापन तालिम

ठ) शिक्षण सिकाई अनुदान

ड) राष्ट्रपति रनीङ शील्ड प्रतियोगिता सञ्चालन तथा खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन

ढ) सामुदायिक सिकाइ केन्द्र सञ्चालन

ण) साक्षरता र निरन्तर शिक्षा कक्षा

त) विद्यालय आइ.सि.टि जडान

थ) दिवा खाजा (प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म)

द) सरकारी र विभिन्न गैरसरकारी संघसंस्थाबाट आयोजना तथा सञ्चालन गरिने कार्यक्रमहरू

ध) अभिभावक शिक्षा कार्यक्रम

न) विद्यार्थी मनोपरार्श कार्यक्रम

ऩ) विद्यार्थी, शिक्षक, प्र अ., विद्यालयका पदाधिकारी र जनप्रतिनिधिहरुका बिचमा शैक्षिक छलफल तथा अन्तर्क्रिया

प) नमुना विद्यालय कार्यक्रम सञ्चालन

फ) पढ्दै कमाउदै कार्उक्रमको सञ्चालन

ब) विद्यालयमा भौतिक पूर्वाधारको विकास

### ❖ शैक्षिक सुधारका लागि अबलम्वन गर्नुपर्ने पक्षहरु :

१. प्रधानाध्यापक, शिक्षकहरुको क्षमता विकास तथा कार्यसम्पादन करार।

२. शिक्षण पेशामा दक्ष जनशक्ति आकर्षण।

३. न्यूनतम मापदण्ड पूरा नगरेका बालविकास केन्द्रको गुणस्तर सुधार

४. सबै बालबालिकाको प्रारम्भिक बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्ने।

५. आधारभूत तहका विद्यालयको न्यूनतम आवश्यकताहरु पूरा गर्ने।

६. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

७. विद्यालय छोड्ने, कक्षा दोहोर्‍याउने दर घटाउने।

८. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाइ वातावरणको कमी हुनु।

९. आधारभूत र माध्यमिक तहमा बालबालिकाको सिकाइ उपलब्धिमा बृद्धि गर्ने।

१०. माध्यमिक तहको शिक्षा गुणस्तरीय बनाउने।

११. सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच बिस्तार गर्ने।

१२. माध्यमिक तहमा प्राविधिक शिक्षाको पहुँच, विस्तार तथा गुणस्तरमा अभिबृद्धि गरी प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्वसुलभ बनाउने।

१३. अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउने।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण :

क) विद्यालय शिक्षामा सबैका लागि पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।

ख) बालमैत्री, अपाङ्ग/वातावरणमैत्री तथा उत्थानशील विद्यालयको स्थापना गर्ने।

ग) विद्यालय शिक्षाका असमानताहरु ।

घ) विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकताको अभिवृद्धि गर्ने।

ङ) विद्यालय शिक्षामा प्रभावकारी तथा उत्तरदायी शासन तथा व्यवस्थापन प्रणालीको स्थापना गर्ने।

च) आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निशुल्क गर्ने राष्ट्रिय लक्ष्य पूरा गर्ने।

छ) नक्साङ्कनका आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गर्ने।

परिच्छेद २

# दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा निर्धारण

## २.१. स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार :

देशमा प्रजातन्त्रको पुनःस्थापनासँगै शिक्षा प्राप्त गर्नका लागि विभिन्न विद्यालय तथा विश्वविद्यालयहरूको स्थापना भई सर्वसाधारणका लागि शिक्षामा पहुँच सहज भएको छ। यस प्रक्रियालाई सुदृढ बनाउन सरकारले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रमहरू ल्याएको छ।

वि.सं. २०१० मा "नेपालमा शिक्षा" योजना कार्यान्वयनमा आएपछि आम नागरिकको शिक्षाप्रति चासो र सहभागिता उल्लेखनीय रूपमा बढेको देखिन्छ।

शिक्षामा पहुँच वृद्धि गर्न र शिक्षालाई व्यावसायिक तथा प्रतिस्पर्धी बनाउन विभिन्न नीति, नियम तथा परियोजनाहरू सञ्चालनमा आएका छन् । नेपालको वर्तमान संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै शैक्षिक योजना प्रणालीमा पनि विकेन्द्रीकरणको अभ्यास हुँदै आएको छ। संविधानतः शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ। यसले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ।

संविधानको अनुसूची–८ को धाराको क्र.सं. ८ अनुसार आधारभूत तथा माध्यमिक तहको शिक्षा स्थानीय तहको अधिकारभित्र पर्दछ। यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार शिक्षासम्बन्धी २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ।

उक्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्दै शिक्षाको माध्यमबाट समृद्ध गाउँपालिकाको निर्माण सुनिश्चित गर्नका लागि यस कैलारी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गरिएको हो। अबको शिक्षा योजनाले भविष्यका पिँढीहरूको आकांक्षा तथा आवश्यकतालाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने सक्षम, जिम्मेवार र कुशल नागरिक उत्पादनमा सहयोग पुऱ्याउनेछ।

केन्द्रीकृत योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्न नसक्ने भएकाले, स्थानीय तहमा आवश्यकतानुसार योजना निर्माण गर्न र तिनको आधारमा संघीय शिक्षा योजना तयार गर्न पनि यस योजनाले महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

विगतका योजनाबाट प्राप्त उपलब्धिहरूको संरक्षण गर्दै शिक्षालाई अझ समयानुकूल, प्रतिस्पर्धी, नवप्रवर्तनमूलक, मूल्य उन्मुख र देशभक्तिपूर्ण बनाउने उद्देश्यले यो योजना औचित्यपूर्ण ठहरिने आधारमा तयार गरिएको हो।

देहायका प्रमुख आधारहरूको आधारमा यस कैलारी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गरिएको हो:

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. शिक्षा ऐन, २०२८ (संसोधन सहित)
४. शिक्षा नियमावली, २०५९ (संसोधन सहित)
५. निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५
६. राष्ट्रिय शिक्षा नीति, २०७६
७. विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८९
८. सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना, २०७६
९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, २०७६
१०. सुदूरपश्चिम प्रदेशको ५ वर्षे आवधिक योजना
११. विभिन्न समयमा नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारबाट बजेट तथा कार्यक्रममा प्रस्तुत नीति कार्यक्रमहरु तथा मार्ग निर्देशनहरु।
१२. गाउँ सभामा पेश भएका नीति तथा कार्यक्रमहरु
१३. निर्वाचनका क्रममा जनप्रतिनिधीहरुबाट गरिएका प्रतिबद्धताहरु।

शिक्षाको सुधारका लागि वि.सं. २०९१ (सन् २०३४) सम्म प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस खण्डमा गाउँ शिक्षा योजनाको दुरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goal), उद्देश्यहरु (Objectives), रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरिएको छन्।

**२.२ दूरदृष्टि :** "अनुशासित एवम क्षमतावान नागरिक उत्पादनका लागि गुणस्तरीय शिक्षा, कैलारी गाउँपालिकाको सदिच्छा ।

**२.३ ध्येय :** अनुशासित एवम् क्षमतावान नागरिक उत्पादन

**२.४ लक्ष्य :** शैक्षिक पहुँच सुनिश्चित गरी आर्थिक तथा सामाजिक रुपान्तरणमा योगदान पुर्याउन सक्ने सभ्य, सक्षम र योग्य नागरिक तयार पार्ने ।

## २.५ उद्देश्य :

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर कायम गर्नु ।
३. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गर्नु ।
४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरि सिकाइ वातावरणमा सुधार ल्याउनु ।
५. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर प्रदान गर्नु ।
६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।
७. अनुभवी तथा तालिम प्राप्त शिक्षकहरुमार्फत शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थापन गर्नु ।
८. तालिम प्राप्त शिक्षक उत्पादन तथा व्यवस्थापन गर्नु ।
९. प्रविधिमैत्री विद्यालय स्थापना गर्नु ।
१०. सामुदायिक विद्यालयमा सवारी साधनको व्यवस्था गर्नु ।

## २.६ रणनीति :

१. प्रारम्भिक बालविकास केन्द्रहरूको संस्थागत क्षमता विकास गरिनेछ ।
२. उत्प्रेरणामूलक कार्यक्रममार्फत बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ ।
३. विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकतानुसार समायोजन र स्थापना गरिनेछ, जसबाट सबै बालबालिकाको सहभागिता सुनिश्चित हुनेछ ।
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको मापदण्ड अनुसार शिक्षामा गुणस्तर कायम राख्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५. शिक्षा सरोकारवालाहरूको सहयोग, सहकार्य र समन्वयमार्फत शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।
६. शैक्षिक सुपरीवेक्षण तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
७. स्थानीय पाठ्यक्रम निर्माण, प्रवर्धन र कार्यान्वयनमार्फत पाठ्यक्रमको सान्दर्भिकता र प्रयोगशीलता वृद्धि गरिनेछ ।

८. पाठ्यक्रममा आधारित शिक्षण–सिकाइ प्रक्रियालाई प्रभावकारी बनाई सिकाइ उपलब्धिलाई मूल्याङ्कनसँग समन्वय गरिनेछ।

९. आवश्यक भौतिक तथा शैक्षिक स्रोतसाधनको उपलब्धतामार्फत विद्यालयमा विभेदरहित, बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री सिकाइ वातावरण सिर्जना गरिनेछ।

१०. सिकाइमा आकर्षण बढाउन सिकाइमैत्री कक्षाकोठाहरू स्थापना गरिनेछन्।

११. विद्यालयमा सरसफाइ र स्वच्छता कायम राख्न आवश्यक पूर्वाधारहरू निर्माण गरिने छन्।

१२. वैकल्पिक सिकाइका माध्यमबाट औपचारिक शिक्षाबाट बञ्चित बालबालिकालाई सिकाइको अवसर प्रदान गरिनेछ।

१३. कमजोर सिकाइ उपलब्धि भएका बालबालिकाका लागि अतिरिक्त कक्षाको व्यवस्था गरिनेछ।

१४. सामुदायिक सिकाइ केन्द्रहरू सुदृढ गरी साक्षरता तथा आय आर्जनमा आधारित शिक्षाको विस्तार गरिनेछ।

१५. सिकाइ र सिपलाई आबद्ध गर्दै साक्षरोत्तर तथा जीवनोपयोगी शिक्षाका अवसरहरू उपलब्ध गराइनेछ।

१६. माध्यमिक विद्यालयहरूमा डिजिटल सामग्री र प्रविधिको प्रयोग गरी शिक्षणमा नवीनता ल्याइनेछ।

१७. कम्तीमा ९ वटा विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरिनेछ।

१८. शिक्षक र कर्मचारीहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१९. शिक्षक तथा कर्मचारीहरूलाई उत्प्रेरणा दिई पेशाप्रति उत्तरदायी बनाइनेछ।

२०. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ।

२१. विगतमा सञ्चालन भएका राम्रा कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन गरी सकारात्मक पक्षलाई अंगीकार गरिनेछ।

२२. शिक्षक सेवा उपलब्ध गराउन वार्षिक दरबन्दी मिलान गरिनेछ र अपुग स्थानहरूमा विशेष शिक्षण अनुदानको व्यवस्था गरिनेछ।

२३. सामुदायिक तथा संस्थागत विद्यालयहरूमा स्थानीय पाठ्यक्रम अनिवार्य लागू गरिनेछ।

२४. आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक विविधता सम्बोधन गरिनेछ।

२५. सबै बालबालिकाको बालविकासमा सहभागिता र पहुँच सुनिश्चित गरिनेछ।

२६. प्राथमिक शिक्षालाई अनिवार्य शर्तको रूपमा स्वीकार गरिनेछ।

२७. आवश्यकतानुसार विद्यालयहरूको संख्या समायोजन गरिनेछ।

२८. आवश्यकतामा आधारित प्राविधिक शिक्षाको विकास गरिनेछ।

२९. स्थानीय उत्पादन र बालबालिकाको आवश्यकतामा आधारित दिवा खाजा व्यवस्था गरिनेछ।

३०. बालबालिकाको जनसंख्याका आधारमा शिक्षा क्षेत्रमा बजेट लगानी सुनिश्चित गरिनेछ।

३१. विद्यार्थी संख्याका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान र पुनःवितरण गरिनेछ।

३२. विद्यालय शिक्षालाई बालमैत्री र परियोजना आधारित बनाइनेछ।

३३. विद्यालय शिक्षा बहुपक्षीय एजेण्डा भएकाले सबै संयन्त्रबीच एकीकृत समन्वय गरिनेछ।

३४. जोखिममा रहेका अति विपन्न तथा सडक बालबालिकाका लागि आश्रयस्थल, बालगृह र आपतकालीन सेवाको व्यवस्था गरिनेछ।

३५. संस्थागत विद्यालयहरूको सेवा विस्तारै सेवामूलक बनाइनेछ।

३६. विद्यालय शिक्षालाई प्रविधिमैत्री र भर्चुअल बनाइनेछ।

३७. शिक्षकलाई प्राविधिक सहयोग पुऱ्याउन संयन्त्र विकास गरिनेछ।

३८. आवश्यक मात्रामा शैक्षिक स्रोत व्यवस्थापन गरिनेछ।

३९. विद्यालय शिक्षाको विस्तृत नीति निर्माण गरिनेछ।

४०. विद्यालय शिक्षामा नतिजा आधारित लगानी नीति कार्यान्वयन गरिनेछ।

४१. प्रारम्भिक कक्षामा पढाइ र गणितीय सीप विकासका कार्यक्रमहरू लागू गरिनेछ।

४२. अभिभावकको सक्रियता र सहभागिता बढाउन आवश्यक प्रक्रिया लागू गरिनेछ।

४३. विद्यालयहरूको न्यूनतम मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

४४. एकीकृत विद्यालय विकास योजना निर्माण तथा कार्यान्वयनसम्बन्धी वडाहरूको क्षमता विकास गरिनेछ।

४५. वडा तहमा योजना निर्माण र कार्यान्वयनमा सहकार्य र सहयोग गरिनेछ।

४६. विद्यालय शिक्षा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गरिनेछ।

४७. बालबालिकायुक्त क्षेत्रलाई शान्तिक्षेत्रको रूपमा स्वीकार गरिनेछ।

४८. आपतकालीन अवस्थामा शिक्षा व्यवस्थापनको व्यवस्था गरिनेछ।

४९. विपन्न तथा अति गरिब परिवारका बालबालिकालाई विद्यालयमा सहभागी गराउन नीति बनाइनेछ।

५०. समुदाय र विद्यालयको संयुक्त प्रयासमा विद्यालयको विकास गरिनेछ।

५१. शिक्षकको पेशागत विकासका लागि आवश्यक तालिम तथा प्रोत्साहन नीति लागू गरिनेछ।

५२. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवहारिक र जीवनसँग सम्बन्धित बनाइनेछ।

५३. प्रविधिमैत्री विद्यालय र प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ।

५४. समावेशी, बालमैत्री र व्यापक विद्यालय सुरक्षा नीति लागू गरिनेछ।

५५. निरन्तर सिकाइका लागि सामुदायिक अध्ययन केन्द्र स्थापना र सञ्चालन गरिनेछ।

५६. विद्यालय र गाउँपालिका बीच करार सम्झौता गरी शैक्षिक गुणस्तर मापदण्ड लागू गरिनेछ।

५७. शिक्षण सिकाइको निरन्तरताका लागि आपतकालीन शिक्षा कोष व्यवस्थापन गरिनेछ।

५८. आवश्यकता अनुसार शैक्षिक सुधार तथा विकासका लागि थप रणनीतिहरू अवलम्बन गरिनेछ।

## २.७ कार्यनीतिहरु :

१. विद्यालय नक्साङ्कन तथा शिक्षक-विद्यार्थी अनुपातको आधारमा विद्यालय स्थापना, समायोजन र विस्तार गरिने छ।

२. कम्तीमा एक वडामा एक नमूना प्रारम्भिक बालविकास केन्द्र र एक नमूना विद्यालयको विकास गरिने छ।

३. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, नि:शुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरण, स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा, शैक्षिक सामग्री र नि:शुल्क स्यानीटरी प्याड वितरण र अभिभावक शिक्षा कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

४. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको मूल धारमा ल्याउने अभियानलाई निरन्तरता दिदै सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा प्रवेश गराईने छ।

५. प्रत्येक विद्यालयहरुमा पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशालाको विस्तार गरी गुणस्तरीय शिक्षण सिकाइको अनुकुल वातावरण निर्माण गरिने छ।

६. स्थानीय पाठ्यक्रममार्फत भाषिक तथा सांस्कृतिक विविधता अनुरुप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ।

७. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी लैङ्गिकमैत्री सिकाइ वातावरण तयार गरिने छ।

८. विद्यार्थीहरुको सिकाइलाई गतिशील बनाउन अभिभावक, शिक्षक र विद्यार्थीहरु सहभागी हुने गरी विद्यालय स्तरमा अन्तरक्रिया तथा कार्यशालाहरु आयोजना गरिने छ।

९. विद्यार्थीहरुमा रहेका प्रतिभाहरुको पहिचान गर्न तहगत अतिरिक्त क्रियाकलापहरु सञ्चालनलाई निरन्तरता दिइने छ।

१०. गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी संस्थाको साझेदारीमा कार्यक्रमहरु लागु गरिनेछ।

११. पालिकास्तरीय वार्षिक शैक्षिक कार्यपात्रो र शिक्षा नीति तयार गरी कार्यान्वयनलाई निरन्तरता दिईने छ।

१२. शैक्षिक सत्रको प्रारम्भदेखि निर्धारित पाठ्यक्रमको कार्यान्वयनमा जोड दिन पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३. स्थानीय मूल्य-मान्यता, परम्परागत ज्ञान र प्रविधि, यौनिक शिक्षा, सामाजिक तथा सांस्कृतिक पहिचानको संरक्षण तथा सम्वर्द्धन गर्न स्थानीय पाठ्यक्रमलाई आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयन गरिने छ।

१४. सरोकारवालाहरुको सहभागितामा स्थानीय शैक्षिक सामग्रीहरु निर्माण गरी कक्षाकोठामा प्रयोगमा ल्याउन प्रोत्साहन गरिनेछ।

१५. शैक्षिक संस्थाहरुको नियमित सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण प्रदान गरिने छ।

१६. नतिजामा आधारित मूल्याङ्कनका आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिने छ।

१७. शिक्षाको गुणस्तर मापनका लागि परीक्षा बाहेकका अन्य मूल्याङ्कनका साधनहरु प्रयोगमा ल्याइनेछ।

१८. गाउँपालिकाभित्र सञ्चालित शिक्षण संस्थाहरुबीच समन्वय तथा सहकार्य गर्ने वातारण निर्माण गरिने छ।

१९. कमजोर भौतिक संरचना भएका विद्यालयहरुलाई प्राथमिकता दिई भौतिक संरचना निर्माण र मर्मत सम्भार कार्यलाई निरन्तरता दिइनेछ।

२०. विद्यार्थीहरुलाई खेल, योगाभ्यास र सह क्रियाकलाप सञ्चालनका लागि प्रत्येक विद्यालयमा खेलमैदान निर्माणमा जोड दिइनेछ।

२१. विद्यालयमा आवश्यक पर्ने न्यूनतम संरचनाहरुको स्थापना तथा विकास गरिनेछ।

२२. संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न गैर सरकारी संस्थाहरु सँगको समन्वय तथा सहजीकरणमा विद्यालयको भौतिक पूर्वाधार विकास र शैक्षिक विकासमा प्राथमिकता दिइने छ।

२३. विपदको बेलामा पनि सिकाइलाई निरन्तरता दिनका लागि वैकल्पिक सिकाइ सहजीकरण कार्यविधि तयार गरी प्रभावकारी रुपमा लागु गरिनेछ।

२४. विशेष शिक्षा आवश्यक भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिनेछ।

२५. कक्षाकोठामा शिक्षण सिकाइका सन्दर्भ सामग्रीहरुको प्रयोग गर्न जोड दिइनेछ।

२६. औपचारिक शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुका लागि बैकल्पिक सिकाइका माध्यमहरुमार्फत सिकाइको अवसर प्रदान गरिनेछ।

२७. सूचना तथा सञ्चार प्रविधिमा आधारितशिक्षा प्रणली विकास गरिनेछ।

२८. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुका लागि क्षमता विकास र मन्टेश्वरी तालिम सञ्चालन गरिनेछ।

२९. शिक्षक तथा कर्मचारीहरुका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिनेछ।

३०. शिक्षकको शैक्षिक क्षमता अभिबृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम, कार्यशाला, अभिमुखीकरण कार्यक्रम, बैठक, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छन्।

३१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँचमा विस्तार गरिनेछ।

३२. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ।

३३. गाउँपालिका स्तरीयमा अतिरिक्त क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बाल सञ्जालहरूलाई सक्रिय गराइनेछ।

३४. विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरिने छ।

३५. कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षक छनौट गरी पुरुस्कृत गरिने छ।

३६. विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी लक्षित छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइ उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ।

३७. शिक्षा क्षेत्र योजना कार्यान्वयनको अवस्था पहिचान गरी आवधिक प्रतिवेदन तयार गरि गाउँसभामा पेश गरिने छ

३८. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि गाउँपालिका स्तरमा रोष्टरहरुको विज्ञ समूह गठन गरि परिचालन गरिनेछ।

३९. स्थानीय शिक्षा ऐन, नियमावली, कार्यविधि र मापदण्ड तयार गरि लागु गरिने छ।

४०. आधारभूत तह कक्षा ८ को परीक्षालाई मर्यादित र स्तरयुक्त बनाउन गाउँपालिका भरि एउटै मापदण्डको प्रश्नपत्र तयार गरि पायक पर्ने विद्यालयमा परीक्षा केन्द्र कायम गरि सञ्चालन गरिने छ।

४१. बालबालिकाहरुको पहुँच बढाउन विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ।

४२. असहाय र असक्त बालबालिकाका लागि छात्रवृत्ती तथा निःशुल्क ड्रेस एवम् आवश्यक वन्दोवस्तीका समाग्री व्यवस्थापन गरिनेछ।

४३. संस्थागत विद्यालयमा विपन्न तथा गरीवहरुको पहुँच बढाउन अनिवार्य १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ती दिइनेछ।

४४. तोकिएको समयमा तथ्यांक अध्यावधिक गरी सुशासन कायम गरिनेछ।

४५. विद्यालयहरुमा कक्षा कोठा, पुस्तकालय तथा Book Corner अनिवार्य गरिनेछ।

४६. अभिभावकको सक्रियता बढाउन अभिभावकवाट विद्यालयको अनुगमन हुने व्यवस्था गरिनेछ।

४७. आपतकालिन अवस्थामा शिक्षा व्यवस्थापन गर्न शिक्षकहरुलाई तालिम दिइनेछ।

४८. बालबालिकाको स्वास्थ्यलाई ख्याल गरी विद्यालयमा घुम्ती स्वास्थ्य सेवा दिइनेछ ।

४९. विद्यालयमा बालबालिका भर्ना गरेका अभिभावकलाई कम्तीमा एक दिनको अभिभावक शिक्षा व्यवस्थापन गरिनेछ ।

५०. कक्षा १ मा भर्ना गर्न प्रत्येक बालबालिकाका लागि बालविकास शिक्षाको अनुभव अनिवार्य गरिनेछ ।

५१. असहाय र अनाथ बालबालिकाका लागि स्थानीय तहले अनिवार्य आवासीय सुविधासहितको विद्यालय र शिक्षाको व्यवस्थापन गरिनेछ ।

५२. विद्यालयमा प्रत्येक वडा तहवाट कम्तीमा १५ प्रतिशत बजेट र गाँउपालिका तहवाट २५ प्रतिशत वजेट व्यवस्थापन हुनेछ ।

५३. प्रधानाध्यापकहरुसंग गाँउपालिकाले करार गरेर निश्चित प्रतिशत सिकाइ उपलव्धि प्राप्त गर्न जिम्मेवार बनाइनेछ ।

५४. मुल्यांकनका आधारमा उत्कृष्ठ शिक्षक तथा वि.व्य.स.लाई पुररस्कृत गरिनेछ ।

५५. प्रयोगात्मक अंक दिदा विद्यार्थीले गर्ने दैनिक क्रियाकलापहरुसंग समन्वय गरेर दिइने छ ।

५६. बालबालिकाको आवश्यकता र चाहना अनुसार कक्षाकोठा व्यवस्थापन सुधार गरिनेछ ।

५७. विद्यालयमा प्रत्येक वडा तहवाट कम्तीमा १५ प्रतिशत बजेट र गाँउपालिका तहवाट २५ प्रतिशत वजेट व्यवस्थापन हुनेछ ।

५८. प्रत्येक विद्यालयलाई विद्यालय सुधार योजनामा उल्लेखित उपलव्धि तथा कार्यक्रमका आधारमा मात्रै विद्यालयलाई वजेट तथा कार्यक्रम वितरण गरिनेछ ।

५९. सामुदायिक अध्ययन केन्द्र मार्फत परम्परागत सीप र दक्षता संरक्षण र विकास कार्यलाई निरन्तरता दिइनेछ ।

६०. राम्रा संस्थागत विद्यालय र सामुदायिक विद्यालयबिच अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. खेलकुद सामग्रीसहितको बालउद्यान तथा समावेशी विद्यालय व्यवस्थापन गरिनेछ

६२. बालबालिका तथा विद्यालयलाई शान्ति क्षेत्रका रुपमा स्वीकार गरेर सोहि अनुरुपका विभिन्न कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६३. शिक्षालाई सर्वशुलभ र पहुँचयुक्त बनाउन माध्यमिक विद्यालयहरुमा सवारी साधनको व्यवस्थापन गरिनेछ ।

६४. सञ्चालनमा रहेका प्राविधिक शिक्षालाई व्यवस्थित गरी थप प्राविधिक विद्यालयको स्थापना गरिनेछ ।

## २.८ अपेक्षित मुख्य उपलब्धि (वि.स. २०९२) सम्म :

१. सबै बालबालिकाहरुका लागि विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर कायम भएको हुने छ।
३. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल भएका हुने छन् ।
४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरि सिकाइ वातावरणमा सुधार भएको हुने छ।
५. अनौपचारिक शिक्षा र जीवनोपयोगी सिकाइका लागि विभिन्न अवसरहरुको सुनिश्चितता भएको हुने छ।
६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
७. सबै तह र विषयका शिक्षकहरुको क्षमता विकास भएको हुने छ।
८. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर सुनिश्चित भएको हुनेछ।
९. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन्।
१०. माध्यमिक विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुनेछन्।
११. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा जीवन उपयोगी सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर र आत्मनिर्भर समाजको निर्माण भएको हुनेछ ।
१२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भई योजना तथा कार्यक्रम कार्यान्वयन नतिजामुखी भएको हुनेछ ।
१३. तालिम प्राप्त र अनुभवी शिक्षकहरुबाट सिकारुमैत्री शिक्षण सिकाइ क्रियाकलापका माध्ययमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।
१४. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत भएको हुनेछ।
१५. विपद्का समयमा बालबालिकाहरुले सुरक्षित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ।
१६. आवश्यकता अनुसार विद्यालयहरु तथा बालविकास केन्द्रहरु विस्तार एवम् समायोजन भएका हुने छन्।
१७. सबै विद्यालयको वातावरण भेदभावरहित र बालमैत्री भएको हुनेछ ।